नेपाल सरकार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

**प्रधानमन्त्री रोजगार कार्यक्रम**

**कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना** सञ्चालन सम्बन्धमा

प्रेसका लागि तयार पारिएको सञ्चार सामग्री

**पृष्ठभूमी**

नेपालको संविधानको धारा ३३ मा व्यवस्था भएको रोजगारीको हकसम्बन्धी मौलिक हकलाई कार्यान्वयन गरी सबै नागरिकहरुलाई न्यूनतम रोजगारीको प्रत्याभूति गराउन नेपाल सरकारले चालु आर्थिक वर्ष २०७५/७६ बाट संघ, प्रदेश र स्थानीय तहबीचको समन्वय र सहकार्यमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमार्फत प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यान्वयन गरेको छ। चालु आ.व.को बजेट तथा कार्यक्रममा आगामी पाँच वर्षभित्र देशभित्रै पर्याप्त रोजगारीका अवसरहरु सिर्जना गरी बाध्यात्मक रुपले वैदेशिक रोजगारीमा जानुपर्ने अवस्थाको अन्त्य गर्न प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन गरिने उल्लेख भए अनुसार यो कार्यक्रम कार्यान्वयनमा ल्याइएको हो। यस कार्यक्रमका लागि चालु आ.व.मा रु. ३ अर्ब १० करोड बजेट बिनियोजन भएको थियो।

**कार्यक्रमको हालसम्मको प्रगति**

**१. ऐन, नियम तथा कार्यविधि तर्जुमा:** मौलिक हकका रुपमा रहेको रोजगारीको हकको संवैधानिक व्यवस्थाको कार्यान्वयन गर्न व्यवस्थापिका संसदबाट रोजगारीको हक सम्बन्धी ऐन, २०७५ तथा नेपाल सरकार, मन्त्रिपरिषद्बाट रोजगारीको हकसम्बन्धी नियमावली, २०७५ स्वीकृत भई कार्यान्वयनमा ल्याइएको छ। उक्त ऐन तथा नियमावलीको आधारमा कार्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ नेपाल सरकार मन्त्रिपरिषद्बाट स्वीकृत भई कार्यान्वयनमा आएको छ भने कार्यक्रमको विस्तृत दस्तावेज समेत तर्जुमा भैसकेको छ।

**२. रोजगार सेवा केन्द्रको स्थापना:** रोजगारीको हकसम्बन्धी ऐनको दफा १० बमोजिम ७५३ वटै स्थानीय तहहरुमा रोजगार सम्बन्धी सबैखाले सेवाहरुको एकीकृत ढंगबाट व्यवस्थापन गर्न रोजगार सेवा केन्द्र स्थापना भै सञ्चालनमा आइसकेका छन्।

**३. रोजगार संयोजकको पदपूर्ती:** रोजगार सेवा केन्द्रहरुमा रही रोजगार सम्बन्धी सेवाप्रवाह गर्न नेपाल सरकार, मन्त्रिपरिषदबाट रोजगार संयोजकको पदपूर्ति तथा सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७५ स्वीकृत गराई सोही मापदण्ड बमोजिम अनलाइन दरखास्त तथा परीक्षा प्रणालीबाट पूर्ण रुपले योग्यता प्रणालीका आधारमा निष्पक्ष ढंगबाट ७२८ जना रोजगार संयोजक छनौट गरी काममा खटाइसकिएको छ। दुई पटक दरखास्त आव्हान गरी परीक्षा सञ्चालन गर्दा समेत पदपूर्ति हुन नसकेका २५ वटा स्थानीय तहहरुमा हाललाई सम्बन्धित स्थानीय तहले आफ्ना कर्मचारीहरु मध्येबाटै एकजनालाई रोजगार संयोजकको जिम्मेवारी तोकी काम लगाउने व्यवस्था समेत मिलाईसकिएको छ।

**४. प्रदेश रोजगार संयोजकको जिम्मेवारी तोकिएको :** प्रत्येक प्रदेशमा सामाजिक विकास मन्त्रालयको योजना महाशाखा प्रमुख (रा.प. द्धितीय श्रेणी, उपसचिव स्तरको) लाई प्रदेश रोजगार संयोजक तोकी प्रदेश स्तरमा कार्यक्रमको समन्वय र व्यवस्थापन गर्ने जिम्मेवारी दिइएको छ।

**५. रोजगार व्यवस्थापन सूचना प्रणालीको विकास:** बेरोजगार व्यक्तिहरुको दर्ता, रोजगारीमा खटाउने प्रक्रिया, रोजगारीका अवसरहरुको प्रविष्टि, श्रम बजारको समग्र अवस्था लगायतका सूचना, तथ्यांक तथा विवरणहरु एकीकृत रुपमा प्रविष्टि, प्रशोधन र व्यवस्थापन गर्न रोजगार व्यवस्थापन सूचना प्रणालीको विकास भैरहेको छ। यो प्रणाली विकासको पहिलो चरणमा वेरोजगारहरुको अनलाइन सूचिकरण गर्ने प्रावधानको विकास तथा परीक्षण भई यही जेठ महिनाको पहिलो हप्ताभित्रमा संघ, प्रदेश र सबै स्थानीय तहहरुमा विस्तार गर्ने गरी तयारी पुरा भएको छ।

**६. परामर्श गोष्ठी तथा अभिमुखीकरण कार्यक्रम संचालन:** कार्यक्रमको विषयमा सम्बन्धित सरोकारवाला निकायहरुलाई सुसूचित गर्न, तिनीहरुको क्षमता विकास गर्न र गुनासा तथा चुनौतीहरुलाई सम्बोधन गर्न स्थानीय तहका उच्च पदाधिकारीहरुको सहभागितामा सबै प्रदेशहरुमा परामर्श गोष्ठि तथा अभिमुखीकरण तालिम संचालन गरिसकिएको छ । यसबाट सबै तहहरुमा कार्यक्रमप्रति अपनत्व बृद्धि भै कार्यक्रम कार्यान्वयनमा देखिएका चुनौतीहरु समेत धेरै हदसम्म सम्बोधन भएका छन् ।

**७. वेरोजगारहरुको सूचीकरण:** प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत न्यूनतम रोजगारीको अवसरमा सहभागी हुन ईच्छुक बेरोजगार व्यक्तिहरुलाई निवेदन दिन आह्वान गर्दै मन्त्रालयले २०७५ चैत्र १ गतेदेखि २०७६ बैशाख मसान्तसम्मको समयसीमा तोकी जारी गरेको सूचना अनुरुप बेरोजगार व्यक्तिहरुको दर्ता प्रक्रिया चलिरहेको छ। यसरी तोकिएको समय सीमा सकिएपछि प्राप्त निवेदनहरुको छानविन गरी वेरोजगार पहिचान गर्ने प्रकृया र मापदण्डका विषयमा मन्त्रालयले सबै स्थानीय तहहरुमा पत्राचार गरिसकेको छ ।

**८. सम्भावित आन्तरिक रोजगारी सिर्जनाको आंकलन:** देशभित्रै पर्याप्त आन्तरिक रोजगारी सिर्जना गर्ने सम्बन्धमा यस मन्त्रालयबाट गरिएको आँकलन अनुसार श्रममूलक प्रविधिको प्रयोग गरी सार्वजनिक क्षेत्रका विकास कार्यक्रम तथा आयोजनाहरु सञ्चालन गर्दा उल्लेख्य संख्यामा रोजगारी सिर्जना हुन जाने भई रोजगारीको हक सम्बन्धी ऐनले व्यवस्था गरेको न्यूनतम रोजगारीको हक स्थानीय स्तरबाटै सुनिश्चित गर्न सकिने देखिन्छ । यस्ता आयोजनामा श्रमिकको ज्यालामा खर्च हुने गरेको पुँजीगत रकमको करिब १५ प्रतिशतलाई बढाई २० प्रतिशत पुऱ्याउँदा थप २ लाख ४६ हजार जनालाई न्यूनतम रोजगारी प्रदान गर्न सकिने आँकलन गरिएको छ ।

यसै गरी मन्त्रालयले गराएको एक अध्ययनले सूचना प्रविधिको क्षेत्रमा सरकारको सामान्य नीतिगत निर्णयबाट करिव ८५ हजार रोजगारी सिर्जना गर्न सकिने देखाएको छ । विभिन्न रोजगारदाता संघ महासंघहरुसंगको छलफलबाट सरकार र निजी क्षेत्रको साझेदारीमा कार्यस्थलमै विभिन्न रोजगार मुलक सीप विकास तालिमहरु संचालन गरी वार्षिक रुपमा करिव ६० हजार मानिसहरुलाई थप रोजगारी दिन सकिने देखिएको छ ।

कृषि, बन, शिक्षा, स्वास्थ्य, वातावरण, पर्यटन, उद्योग, पूर्वाधार जस्ता क्षेत्रहरुमा नियमित कार्यक्रमहरुभन्दा बाहेक पनि केही नयाँ कार्यक्रमहरु सञ्चालन गरी ठूलो संख्यामा रोजगारी सिर्जना गर्न सकिने सम्भावना सम्बन्धित क्षेत्रगत मन्त्रालयका अधिकारी तथा विज्ञहरुसंगको छलफलबाट देखिएको छ ।

**९. श्रमको सम्मान राष्ट्रको अभियान कार्यक्रमको आरम्भ:** देशभित्रै उपलब्ध श्रममूलक रोजगारीका अवसरहरुमा सहभागी हुन मन नगर्ने र विदेशमा गई सो भन्दा पनि न्यून तलबमान भएको, जोखिमयुक्त रोजगारीमा संलग्न हुँदा खुशी हुने श्रमयोग्य जनशक्ति र आम जनमानसमा समाजमा श्रमको सम्मान गर्ने भावनाको विकास गराउन मन्त्रालयले रणनीतिक संचारका विभिन्न क्रियाकलापहरु सञ्चालन गर्ने गरी योजना ल्याएको छ । यस्तो कार्यक्रम "श्रमको सम्मान राष्ट्रको अभियान" भन्ने मूल नारामा आधारित भई सञ्चालन हुनेछ ।

**कामका लागि पारिश्रमिक कार्यक्रम**

**१. कार्यविधि निर्माण:** स्थानीय तहहरुमा नियमानुसार वेरोजगार व्यक्तिको सूचीमा सूचीकृत भएका बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारीको प्रत्याभूति गराउन एवम् सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनाहरुको यसै आर्थिक वर्षबाट सञ्चालन गर्न कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनाहरुको (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ स्वीकृत भै कार्यान्वयनमा आएको छ ।

**२. स्थानीय तहहरुलाई सशर्त अनुदान हस्तान्तरण:** यस कार्यविधि बमोजिम आयोजनाहरु संचालन गर्न सबै स्थानीय तहहरुलाई सूत्रका आधारमा सशर्त अनुदानका रुपमा रु. २ अर्ब ३६ करोड ६७ लाख ६९ हजार बजेट हस्तान्तरण गरि सकिएको छ ।

**३. अनुदान हस्तान्तरणका आधारहरु:** स्थानीय तहहरुलाई सशर्त अनुदानका रुपमा बजेट हस्तान्तरण गर्न पारिश्रमिकमा आधारित सामुदायिक आयोजनाहरुको (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७६ बमोजिम देहायका मापदण्डहरुलाई आधार लिइएको छ :

(क) गरीब घरधुरी संख्या वापत- ६० प्रतिशत अंकभार

(ख) जनसंख्या वापत - २० प्रतिशत अंकभार

(क) दूर्गमता वापत - २० प्रतिशत अंकभार

**४. आयोजनाका प्रकार:** कामका लागि पारिश्रमिक कार्यक्रमको प्रयोजनका लागि देहायका क्षेत्रका आयोजनाहरु छनौट गर्न सक्ने व्यवस्था कार्यविधिले गरेको छ :

(क) सडक निर्माण तथा मर्मत

- स्थानीय तहका सडकहरुको नियमित मर्मत सम्भार,
- स्थानीय तहभित्रका वस्ती, स्वास्थ्य चौकी, विद्यालय, आर्थिक केन्द्र, हाटबजार, धार्मिक, सांस्कृतिक तथा पर्यटकीय स्थल जोड्ने सडक निर्माण तथा मर्मत सम्भार,
- राष्ट्रिय तथा प्रादेशिक सडकबाट गाउँ वा नगर जोड्ने सडकको निर्माण तथा मर्मत सम्भार ।

(ख) कृषि तथा सिंचाई

- सिंचाईका लागि हाल संचालनमा रहेको कुलो, पैनी वा पोखरीको मर्मत सम्भार तथा स्तरोन्नती,
- पोखरी तथा पानीको मूल संरक्षण,
- सामूहिक फलफुल खेती,
- सार्वजनिक स्थलमा फलफुल बगैचा निर्माण,
- कृषि तथा पशूपंक्षी उत्पादनको भण्डारण तथा विक्रि वितरणका लागि आवश्यक पर्ने शीत भण्डार, हाट बजार, तरकारी संकलन केन्द्रको निर्माण तथा मर्मत सम्भार ।

(ग) ग्रामीण खानेपानी

- खानेपानीको मूल संरक्षण तथा खानेपानी आयोजनाहरुको निर्माण, विस्तार तथा मर्मत सम्भार ।

(घ) स्वास्थ्य तथा सरसरफाई

- स्वास्थ्य चौकी तथा प्रसुति गृह भवन निर्माण तथा मर्मत सम्भार,
- सार्वजनिक सौचालय निर्माण तथा स्तरोन्नति,
- फोहोर व्यवस्थापन तथा सार्वजनिक स्थलहरुको सरसफाई ।

(ङ) शिक्षा

- विद्यालय भवन तथा विद्यालय परिसरमा शौचालय, खेल मैदान, कम्पाउण्ड, बगैंचा आदि पूर्वाधार निर्माण, विस्तार तथा मर्मत सम्भार,
- सार्वजनिक खेलकुद मैदान निर्माण, विस्तार तथा मर्मत सम्भार ।

(च) वन तथा जलाधार

- बृक्षारोपण तथा फफूलको विरुवा रोपण तथा संरक्षण,
- जलाधार संरक्षण तथा भूक्षय रोकथाम,
- पहिरो तथा नदी नियन्त्रण,
- साना बाँध निर्माण ,
- स्थानीय पार्क निर्माण, विस्तार तथा मर्मत सम्भार ।

(छ) पर्यटन

- पदमार्ग निर्माण तथा मर्मत सम्भार,
- पदमार्ग तथा पर्यटकीय क्षेत्रमा हुने सेड तथा चौतारो निर्माण,
- पर्यटकीय स्थलको मर्मत सम्भार तथा संरक्षण ।

(ज) स्थानीय आवश्यकता अनुसारका अन्य श्रमप्रधान आयोजनाहरु ।

**५. आयोजना छनौट :** आयोजना छनौट गर्दा उपलब्ध भएमा स्थानीय तहको वार्षिक बजेट तथा कार्यक्रममा उल्लेख भएका आयोजना छनौट गर्नु पर्नेछ । यदि त्यस्ता आयोजना नभएमा सम्बन्धित समुदायको संलग्नतामा वडाले सिफारिस गरी पठाएका आयोजनाहरु मध्येबाट गाउँपालिका तथा नगरपालिकाले मूल्यांकन गरी प्राथमिकताका आधारमा छनौट गर्नु पर्नेछ ।

**६. आयोजनाको प्राथमिकीकरणका आधार:** स्थानीय तहले आयोजनाको प्राथमिकीकरण गर्दा देहायका आधारमा गर्नु पर्नेछः

(क) भौगोलिक विकटता,

(ख) गरिबीको स्तर,

(ग) विकास निर्माणका अन्य क्रियाकलापहरुको अवस्था,

(घ) प्राकृतिक प्रकोपबाट प्रभावित क्षेत्र,

(ङ) बेरोजगारहरुको संख्या, र

(च) गाउँ/नगर कार्यपालिकाले प्राथमिकीकरण गरेको क्षेत्र ।

**७. आयोजनाको लागत:** यस कार्यक्रमका लागि छनौट हुने एउटा आयोजनाको लागत रु. ५ लाख भन्दा बढी हुनुहुँदैन । आयोजनाको कूल लागतको कम्तिमा ७० प्रतिशत रकम श्रमिकको ज्यालामा खर्च गर्नु पर्नेछ। स्थानीय तहहरुले मन्त्रालयबाट प्राप्त अनुदान रकममध्ये जम्मा १ प्रतिशत रकम मात्र कन्टिन्जेन्सी रकमको रुपमा आयोजनाको व्यवस्थापनमा खर्च गर्न पाउने छन् ।

**८. आयोजनाको निर्देशन र समन्वय:** आयोजनाहरुको प्रभावकारी संचालनका लागि सम्बन्धित गाउँ/नगरपालिकाको अध्यक्ष/प्रमुखको अध्यक्षतामा निर्देशक समिति रहनेछ भने सम्बन्धित वडा समितिले वडाभित्रका आयोजनाको समन्वय र अनुगमन गर्नेछ ।

**९. रोजगारीमा खटाउने :** आयोजनाहरुमा रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार व्यक्तिहरुमध्येबाट देहायका आधारमा निर्धारित प्राथमिकताक्रम अनुसार क्रमश रोजगारीमा खटाइनेछः

(क) कृषि उत्पादनले वर्षमा ३ महिना खान नपुग्ने कृषिमा आश्रित परिवारको सदस्य,

(ख) बसोवासका लागि आफ्नै घर नभएको परिवारको सदस्य,

(ग) एकल महिला घरमूली भएको परिवारको सदस्य,

(घ) दलित, अल्पसंख्यक वा लोपोन्मुख समुदायको परिवारको सदस्य,

(ङ) वार्षिक न्यूनतम रोजगारी बापत प्राप्त हुने पारिश्रमिक भन्दा कम नगद आय भएको परिवारको सदस्य,

(च) कोही पनि सदस्यले न्यूनतम रोजगारी नपाएको वा सो बराबरको आम्दानी हुनेगरी स्वरोजगार नभएको परिवारको सदस्य,

(छ) शहिद परिवार तथा बेपत्ता परिवारको सदस्य,

(ज) परिवारमा काम गर्ने उमेर (१८-५९) को वा काम गर्न सक्ने शारीरिक अवस्था भएको अन्य सदस्य नभएको परिवारको सदस्य,

(झ) महिला बेरोजगार व्यक्ति,

(ञ) अन्य बेरोजगार व्यक्ति ।

**१०. श्रमिक समूह गठन गरी काममा लगाउने:**

(१) रोजगार आयोजनाहरुले कामको प्रकृति र आवश्यकता अनुसार आयोजनाको कामलाई विभिन्न खण्डमा विभक्त गरी एक खण्डको काम १० देखि १५ जना सम्मको एउटा श्रमिक समूहले गर्ने गरी विभिन्न श्रमिक समूहहरु गठन गरेर जिम्मा दिनु पर्नेछ ।

(२) प्रत्येक श्रमिक समूहमा समूहका सदस्यहरु मध्येबाट छानिएको एकजना व्यक्ति समूह नेता रहनेछ ।

(३) समूह नेताले श्रमिक समूहको सदस्यहरुकोदैनिक हाजिरी गराउने, अभिलेख राख्नेर सम्बन्धित रोजगार सेवा केन्द्रलाई सोको प्रतिवेदन मासिक रुपमा प्रत्येक महिनाको सात गतेभित्र पेश गर्ने कार्य गर्नेछ ।

(४) समूह नेताले तोकिएको कामका अतिरिक्त कार्यस्थलमा अरु श्रमिक सरह लगाइएको दैनिक काम समेत गर्नु पर्नेछ ।

**११. आयोजना व्यवस्थापन:** समान्यतया एउटा आयोजना एउटा वडाभित्र मात्रै सञ्चालन गर्नु पर्नेछ । आयोजनाका लागि आवश्यक निर्माण सामग्री स्थानीय तहले खरिद गरी उपलब्ध गराउनेछ । निर्माण सामग्री खारिद गर्दा आयोजनाको कुल बजेटको २५ प्रतिशत भन्दा नबढ्ने गरी गर्नु पर्नेछ । त्यसैगरी आयोजनामा आवश्यक पर्ने औजारहरु आयोजनाको कुल बजेटको ३ प्रतिशतभन्दा नबद्ने गरी स्थानीय तहले खरिद गरी उपलब्ध गराउनु पर्नेछ ।

**१२. अनुगमन तथा मूल्यांकन:** आयोजनको नियमित अनुगमन सम्बन्धित स्थानीय तहले गर्नु पर्नेछ । आयोजनाको प्राविधिक सुपरीवेक्षण स्थानीय तहले तोकेको प्राविधिक कर्मचारीले गर्नेछ ।

**१३. खर्च प्रकृया** : स्थानीय तहले यस कार्यक्रमका लागि पठाइएको सशर्त अनुदान रकमको छुट्टै हिसाव देखिने गरी खाता राखी प्रचलित ऐन नियम अनुसार खर्च खर्च गर्नु पर्नेछ र खर्चको आन्तरिक तथा अन्तिम लेखा परीक्षण गराई सोको प्रतिवेदन मन्त्रालयसमक्ष पेश गर्नु पर्नेछ ।

**१४. पारिश्रमिक भुक्तानी:** श्रमिकले काम गरेबापत नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक वा स्थानीय तहले निर्धारण गरेको दररेट मध्ये जुन बढी हुन्छ सोही रकमका दरले काम गरेको दिनको पारिश्रमिक प्राप्त गर्नेछन् । तर पारिश्रमिक भुक्तानी दिंदा प्राविधित कर्मचारीको कार्य सम्पन्न प्रतिवेदनका आधारमा सम्वन्धित वडा अध्यक्षको सिफारिसमा दिनु पर्नेछ ।

पारिश्रमिक भुक्तानी गर्दा बैंक खातामा भुक्तानी दिनु पर्नेछ । बैंक खातामा भुक्तानी दिन सम्भव नभएको विशेष अवस्थामा स्थानीय तहले निर्णय गरी सम्बन्धित श्रमिकलाई नगदै भुक्तानी गर्न सक्नेछ ।

सह-सचिव